प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## शैक्षिक सामग्री अनुदान सहयोगको लागि छुट भएका विद्यालयहरूलाई प्रस्तावना फाराम पेश गर्ने सम्बन्धि अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१।०१।२१

उपर्युक्त सम्बन्धमा चालु आ.व. २०८०/०८१ को स्वीकृत बजेट कार्यक्रम अन्तर्गत **"प्राविधिक शिक्षा सञ्चालित सामुदायिक विद्यालयमा प्रशिक्षण सामग्री अनुदान शिर्षकमा बजेट विनियोजन भई आएकोले"** परिषद् कार्यालयबाट स्वीकृत लिई कर्णाली प्रदेश अन्तर्गत सञ्चालित परिषद्, कर्णाली प्रदेश कार्यालयबाट नियमित रूपमा अनुदान प्राप्त गरेको सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा(TECS) र साझेदारी विद्यालयहरूले अघिल्लो आर्थिक बर्षको शैक्षिक प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, चालु शैक्षिक सत्रमा विद्यालयमा सञ्चालित कार्यक्रमको स्वीकृत भर्ना क्षमताको ५० प्रतिशत विद्यार्थी भर्ना तथा रजिष्ट्रेशन भएका र अघिल्लो शैक्षिक सत्रको बार्षिक/सेमेष्टर परीक्षामा कम्तिमा ५० प्रतिशत प्रशिक्षार्थी सहभागी भएको प्रमाण सहितको विवरण विद्यालय व्यवस्थापन समितिको निर्णय गराई चालु शैक्षिक सत्रका प्रशिक्षार्थीहरूको पठनपाठन र प्रयोगात्मक अभ्यासमा गुणस्तरियता कायम गर्नको लागि विद्यालयहरूलाई तीन लाख अनुदान उपलब्ध गराउने व्यवस्था भए अनुसार केही विद्यालयहरू विविध कारणले आवेदन पेश गर्न छुट भएको भनी प्राप्त जानकारी अनुसार छुट भएको विद्यालयहरूले माथि तोकिएको सर्त पुरा गरी परिषद् तथा यस प्रदेश कार्यालयको संलग्न ढाँचा बमोजिम प्रस्तावना फाराम भरी यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र (मिति २०८१।०१।२७) कार्यालय समयमा यस प्रदेश कार्यालयमा प्रस्तावना फाराम बुझाउनु हुन सम्बन्धित सबैको जानकारीका लागि सो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको अवधि भित्र प्रस्तावना फाराम पेश नभएमा कुनै किसिमको कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**निर्देशक**